आज मिति २०७६ साल जेठ ८ गतेका दिन ह्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगतबहादुर भोलन ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

श्री जगतबहादुर भोलन - अध्यक्ष
श्री दुर्गादेवी सुनुवार - उपाध्यक्ष
श्री रामकाजी वाइवा - सदस्य
श्री एकबहादुर खड्का - "
श्री कृष्णबहादुर थिङ - "
श्री चक्रबहादुर पारिखेन - "
श्री विष्णुकुमार कर्माचार्य - "
श्री सुन्दरीमाया वाइवा - "
श्री यमकुमारी दमाई - "
श्री आनुका थापामगर - "
श्री हिमालीमाया वि.क. - "
श्री गंगामाया वि. क. - "
श्री सुनमाया थिङ - "
श्री सन्तोष नेपाली - प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :-

श्री सर्मिला कुमारी तामाङ - लेखा अधिकृत
श्री भरतजंग थापा - ना. सु.

निर्णयहरु :-

निर्णय नं.:- १

ह्याङलेख गाउँपालिकालाई शिक्षातर्फ प्राप्त सशर्त अनुदान अन्तर्गत विद्यालय क्षेत्र विकास कार्यक्रम संचालन गर्ने व्यवस्था भएको बजेट बाट तपसिलमा उल्लेख भए अनुसारका विद्यालयहरुलाई तपसिल बमोजिम को रकमबाट योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग (६५०,०००) - श्री मा.वि. मरिणलायुटार
२. मा.वि. विज्ञान प्रयोगशाला अनुदान (६५०,०००) - श्री मा.वि. अमले
३. पानी तथा स्वास्थ्य र सरसफाई सहित शौ.नि. (६,००,०००) - श्री प्रा.वि. पत्थोरे अमले

४. पानी तथा स्वास्थ्य र सरसफाई शौ.नि. (६००,०००) - श्री पैमाटैंसी प्रा.वि. चौकीडाँडा, नैत्रुली

५. २ कोठे नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण (२३,००,०००) - श्री बालज्योति प्रा.वि. - माटीखानी (वडा-५)

निर्णय नं. २

ह्याङ्लेख गाउँपालिका वडा नं. २ अन्तर्गतको प्रा.वि. भैंसेका लागि पूर्वाधार निर्माण शीर्षकमा प्रदेश सरकार शशर्त अनुदानमा विनियोजित रु. ३०,००,०००/- बाट तपशिल बमोजिमका कार्यहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

१. जाइकाद्वारा निर्मित विद्यालय भवन मर्मत गर्ने तथा फर्निचर खरिद
२. शौचालय निर्माण गर्ने
३. कम्पाउण्ड वाल निर्माण गर्ने

निर्णय नं. ३ :

ह्याङ्लेख गाउँपालिकाका सबै वडाहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य क्षेत्रमा योगदान दिँदै आउनु भएकाले अब उप्रान्त ६० वर्षको उमेर हदबन्दी कायम गरी सम्मानजनक बिदाई गर्नको लागि अनिवार्य अवकाश दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

जिल्ला प्रशासन कार्यालय सिन्धुलीको मिति २०७६।०१।३० गते च.नं. २६५९ को पत्रानुसार रोशी गाउँपालिका वडा नं. ११, काभ्रेले ह्याङ्लेख गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने पहरीलेख डाँडो खोला मुहान कायम गरी खानेपानी योजना संचालनार्थ मुहान दर्ता गर्नको लागि आवश्यक कागजातहरु पेश भएको सन्दर्भमा उक्त स्थानमा मुहान दर्ता गरी आयोजना संचालन गर्न दिन नसकिने व्यहोरा आन्तरिकको लागि सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ :

ह्याङ्लेख गाउँपालिका अन्तर्गतका ४ वटै वडाहरुको विभिन्न टोल बस्तीहरुमा हालसम्म विद्युतीकरण नभएको हुँदा तपशिलमा उल्लेखित स्थानहरुमा विद्युतीकरणको लागि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, दरबारमार्गमा लेखि पठाउने निर्णय गरियो ।

तपशिल

१. ह्याङ्लेख गाउँपालिका वडा नं. १ अन्तर्गत बुकिपटखौंस, सुकाचुरी, डाँडे, कटहरे
२. ह्याङ्लेख गाउँपालिका वडा नं. २ - " - नौमुरे, चिउरीबास, खोलागाउँ, चारघरे, मोतीपुर, काउलेबारी, बस्तीपुर, भैंसे, जोर्बु, अँधेरी
३. ह्याङ्लेख गाउँपालिका वडा नं. ३ " - चिलाउने, सिरिसे, पञ्चमैया, लप्से, मडुवा

४. ह्याङ्लेख गाउँपालिका वडा नं. ४ अन्तर्गत – चौकीडाँडा, गोह्डाँडा, गोपे, बन्दीपुर, शिखरपुर, राममेडा ।

निर्णय नं. ६

ह्याङ्लेख गाउँपालिका अध्यक्ष ज्यूको स्वकीय सचिव पदमा रही काम गर्न ह्याङ्लेख गाउँपालिका निवासी श्री राजेश ली लाई मासिक तलब रु. २२१७०।- मात्र भुक्तानी दिने गरी करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रदेश समपूरक अनुदानबाट यस गाउँपालिकाको वडा नं. १२२ मा पर्ने फापरखुली भ्यु टावर निर्माणका लागि DPR को काम सम्पन्न भैसकेको हुँदा भ्यु टावर निर्माण प्रकृया शुरु गर्ने समयको अभाव भएकोले २०७६ साल चैत्र मसान्त सम्मको लागि समय थप गर्न प्रदेश सरकारसँग अनुरोध गरी पठाउने निर्णय गरियो । साथै उक्त भ्यु टावर निर्माण काम अगाडि बढाउन बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्न विनियोजित भएको रकमबाट ह्याङ्लेख गाउँपालिका स्तरीय आयुर्वेद स्वास्थ्य शिविर वडा नं. २ हायुटारमा संचालन गर्ने निर्णय गरियो ।

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत